नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३
चलानी नं. २३२

मितिः २०८२/१०/०२

श्री गाउँपालिका (सबै)
श्री नगरपालिका (सबै)

विषयः आवश्यक जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा गृह मन्त्रालयको प.सं. शा.सु. २०८२/०८३, च.नं. १०४२ मिति २०८२/०९/२८ को पत्रानुसार तराई एवं मधेशका केही जिल्लाहरुमा धार्मिक सहिष्णुता तथा सदभावमा गम्भिर असर पर्ने किसिमका घटनालाई बढ्न नदिन एवं समाजमा सदभाव र सहिष्णुता प्रवर्द्धन गर्न पत्राचार गरिदिने सम्बन्धी पत्रको छायाँप्रति यसैसाथ संलग्न राखी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

बोधार्थः
श्री गृह मन्त्रालय,
शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा ।

श्री सूचना प्रविधि शाखा, सबै जि.स.स./ गाउँ/नगरपालिकाको ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा समेत अपलोड गरिदिनु हुन ।

नेपाल सरकार
# गृह मन्त्रालय
(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेल:control@moha.gov.np
mohacontrolroom@gmail.com

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- शा.सु. ०८२/०८३/०५
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- १०४२

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- २४९६
दर्ता मितिः- ८/२०

मितिः २०८२/०९/२८
ने.सं. ११४६

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं।

विषयः पत्राचार गरिदिने सम्बन्धमा।

प्रस्तुत सन्दर्भमा तराई एवं मधेशका केही जिल्लाहरुमा धार्मिक सहिष्णुता तथा सद्भावमा गम्भिर असर पर्ने किसिमका घटनाहरुलाई बढ्न नदिन एवं समाजमा सद्भाव र सहिष्णुता प्रबर्द्धन गर्न तहाँ मन्त्रालय मार्फत् सबै पालिकाहरुलाई देहाय बमोजिमका कार्यहरु गर्न गराउन पत्राचार गरिदिने व्यवस्थाका लागि मिति २०८२।०९।२८ को सचिवस्तरीय निर्णयानुसार अनुरोध छ।

१. पालिकास्तरमा धार्मिक, सामाजिक सद्भाव र सहिष्णुता प्रबर्द्धन गर्न सरोकारवालाहरूलाई सद्भावको लागि आव्हान गर्ने कार्य,
२. सबै पक्षहरुको सहभागितामा यस्ता घटनाहरु बढ्न नदिन सद्भाव र्‍याली आयोजना गर्ने कार्य,
३. टेलिभिजन एवं रेडियोको माध्यमबाट स्थानीयस्तरमा स्थानीय भाषामा **Talk Show** कार्यक्रमहरु संचालन गर्ने कार्य,
४. पालिकाहरुबाट समुदायस्तरसम्म समन्वयात्मक एवं प्रबर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्ने कार्य,
५. भविष्यमा यस्ता घटनाहरु हुन नदिन स्थानीयस्तरमा सबै धर्म सम्प्रदायका प्रवुद्ध व्यक्ति, अगुवाहरूसहितको स्थानीयस्तरमा शान्ति तथा सामाजिक सद्भाव समिति गठन गरी विगतका घटनाहरुमा आधारित भै सम्भावित धार्मिक साम्प्रदायिक विवादका कार्यक्रमहरू हुनुपूर्व सम्भावित घटनाहरू हुन नदिन आवश्यक समन्वय गर्ने कार्य।

०८२/९/२८
.................
रमा आचार्य (सुवेदी)
उपसचिव